# स्थिति सूचक

नेपाल मानव अधिकार वर्ष पुस्तकको
त्रैमासिक प्रकाशन

वर्ष १०, अङ्क १
(०७७ पुस १७ गतेदेखि ०७७ चैत १८ गतेसम्म)


## प्रदेश २ को
# मानव अधिकार अवस्था विश्लेषण

मानव अधिकारको अवस्था बारे जानकारी दिने उद्देश्यले अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) प्रदेश २ कार्यालय अन्तर्गत रहेका सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा जिल्लामा सन् २०२१ मा भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको अध्ययन तथा विश्लेषण यस प्रतिवेदनमा गरिएको छ।

जिल्ला प्रतिनिधिहरूले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू सङ्कलन गरी पठाउँछन्, सोही घटनाको आधारमा यो प्रतिवेदन तयार पारिएको हो। नेपाल पक्ष राष्ट्र भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरू मध्ये ६ ठूला महासन्धिमा आधारित भई सङ्कलन गरिएको सूचनाका आधारमा शीर्षक विभाजन गरी मानव अधिकार अवस्थाको विश्लेषण गरिएको छ।

जिल्लामा भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूका बारेमा सरोकारवाला निकायहरूसँग छलफल गरी यसप्रति जवाफदेही बनाउने, पीडितलाई न्याय र पीडकलाई कानुन अनुसार कारबाहीका लागि पैरवी गर्ने र मानव अधिकारसम्बन्धमा जनचेतना फैलाउने र मानव अधिकारको अवस्थामा सुधार ल्याउनका लागि सहयोग पुर्‍याउने उद्देश्यले यस प्रकारका प्रतिवेदन प्रकाशन गरिदै आएको छ।

सन् २०२१ जनवरीदेखि मार्च अर्थात तीन महिनाको अवधिमा १ सय ४७ जना पीडित भएको घटना इन्सेक प्रदेश २ कार्यालयले अभिलेख गरेको छ जसमा राज्यपक्षबाट ५ महिला सहित २३ जना पीडित भए । त्यस्तै गैरराज्यपक्षबाट ९७ महिला सहित १ सय १९ जना पीडित भए। जसमा चार महिला सहित सात जनाको हत्या भएको तथ्याङ्क इन्सेक प्रदेश कार्यालयमा अभिलेख छ।

यस वर्ष महिला अधिकारका घटनामा ४४ जना पीडित भएको घटना इन्सेकमा अभिलेख छ। जसमध्ये बलात्कारका घटनामा १५, बलात्कार प्रयासका घटनामा ६, यौन दुर्व्यवहार घटनामा तीन, बेचविखनका घटनामा दुई, बहुविवाहका घटनामा नौ, बोक्सी'को आरोपमा दुई र घरेलु हिंसाका घटनामा सात जना पीडित भएको घटना इन्सेकले अभिलेख गर्‍यो।

यस अवधिमा बाल अधिकारका घटनामा ४२ जना बालिका पीडित भए। जसमध्ये बलात्कार घटनामा २६, यौन दुर्व्यवहार घटनामा १२, बेचबिखन तथा ओसारपसार घटनामा तीन र बालविवाह घटनामा एक जना पीडित भएको तथ्याङ्क इन्सेकमा अभिलेख छ।


**राजु पासवान**
प्रदेश संयोजक

# प्रदेश २ को मानव अधिकार अवस्था : तीन महिनाका प्रतिनिधिमूलक घटना

## (२०७७ पुस १७ देखि २०७७ चैत १८ गतेसम्म)

**नागरिक तथा राजनीतिक अधिकार**

**सम्मानित रूपले बाँच्ने अधिकार**

**हत्या**

**गैर राज्यपक्षबाट**

**महोत्तरी**

पिपरा गाउँपालिका-५ सहोडवाका ६५ वर्षीय मुसाफिर झा र झाकी ६० वर्षीया गीतादेवीको शव २०७७ चैत १२ गते पिपरा गाउँपालिका-२ मा गाडिएको अवस्थामा फेला पऱ्यो। शवलाई गलाउन नुनको प्रयोग गरिएको प्रहरीले जनायो। झा दम्पती फागुन १० गते साँझ खाना खाएर सुतेको अवस्थामा ओछ्यानसहित 'बेपत्ता' भएका थिए। घटनाको ३० दिनपछि झा

### घटनाका प्रकार अनुसार पीडित सङ्ख्या (जनवरी-मार्च २०२१)

| | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | कूल जम्मा |
| गिरफ्तार | | ४ | ४ | | | | ४ |
| कुटपिट | | ३ | ३ | २ | ३ | ५ | ८ |
| बाल अधिकार | | | | ४२ | | ४२ | ४२ |
| हत्या | | | | ४ | ३ | ७ | ७ |
| अमानवीय व्यवहार | ४ | २ | ६ | | | | ६ |
| महिला अधिकार | | | | ४४ | | ४४ | ४४ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | १ | १४ | १५ | | | | १५ |
| अपहरण | | | | २ | ३ | ५ | ५ |
| घाइते | | | | ३ | १२ | १५ | १५ |
| जम्मा | ५ | २३ | २८ | ९७ | २२ | ११९ | १४७ |

दम्पतीको शव माटोमा गाडिएको अवस्थामा फेला परेको थियो। जग्गा बिक्री गर्न नमानेकै कारण झा दम्पतीको हत्या भएको प्रहरीले निष्कर्ष निकालेको छ। झा दम्पतीका कान्छी बुहारी उषा झाले भनिन- 'साँझ खाना खाएर आ-आफ्नो कोठामा सुत्न गएका थियौँ। भोलिपल्ट बिहान मेरो कोठा बाहिरबाट चुकुल लगाइएको थियो। नजिकैको घरमा बस्ने जेठानी अंशुले ढोका खोलिदिनु भयो। सासु-ससुरा घरमा हुनु हुन्थेन। कोठा पनि खुला थियो।" मुसाफिर झा मालपोतका अवकाश प्राप्त सुब्बा थिए। त्यसक्रममा मुसाफिरलाई छिमेकमा बस्ने हरेन्द्र ठाकुरले जग्गा बिक्री गर्न दबाब दिने गरेको सूचना पायो। जग्गा जमिनको कारोबार गर्ने ठाकुरका साझेदार रामबाबु यादवको घर नजिकै थियो। रामबाबुलाई केही जानकारी हुनसक्ने आधारमा प्रहरीले अनुसन्धान सुरु गऱ्यो। रामबाबुको घरबाहिर रगतको टाटा जस्तो देखिएपछि प्रहरीले थप अनुसन्धान चलायो र ५२ वर्षीय रामबाबु यादवसहित यादवका छोराहरू २६ वर्षीय सुरेन्द्र यादव र २४ वर्षीय राजेन्द्र यादवलाई चैत ८ गते गिरफ्तार गऱ्यो। बयानका क्रममा उनीहरूले त्यो रङ भएको बताएका थिए। तर, विधि विज्ञान प्रयोगशालामा भएको परीक्षणले त्यो मानव रगत भएको पुष्टि गरेपछि अनुसन्धान रामबाबुमाथि केन्द्रित भएको अनुसन्धानमा खटिएका एक प्रहरी अधिकृतले बताए। प्रहरीले जग्गा धनी भारतीय नागरिक हरेन्द्र ठाकुरको कल डिटेल रेकर्ड (सीडीआर) र लोकेशनको विश्लेषण गऱ्यो। त्यसक्रममा ठाकुर फागुन १० गते काठमाडौँबाट जनकपुरधाम आएर भोलिपल्ट फर्किएको देखियो। प्रहरीले ठाकुरलाई पनि काठमाडौँबाट गिरफ्तार गरेर महोत्तरी ल्यायो। तर, बयानमा ठाकुरले काठमाडौँबाट जनकपुर पुगेको स्वीकार गरेनन्। पोलिग्राफ शाखामा लगेर बयानको सत्यता परीक्षण गर्दा ठाकुरले ९९ प्रतिशत झुठो बोलेको देखिएको प्रदेश प्रहरी प्रमुख डिआइजी धिरजप्रताप सिंहले बताए। त्यसपछि केन्द्रीय अनुसन्धान ब्युरो (सीआइबी) को टोली बोलाएर अनुसन्धान थालियो। ब्युरोले एक जना इन्स्पेक्टरको टोली अनुसन्धानमा खटाएको थियो। सीआइबीले जिल्ला र प्रदेश प्रहरी कार्यालयकै टोलीको अनुसन्धानलाई सदर गऱ्यो। तर, झा दम्पतीको अवस्था अज्ञात रह्यो। गिरफ्तार परेकाहरूले अभियोग स्वीकार गरेका थिएनन् तर उनीहरूको संलग्नता देखिएपछि महोत्तरी प्रहरीले पत्रकार सम्मेलन गरी चारै जनालाई सार्वजनिक गऱ्यो। शङ्कास्पद ठाउँमा खोजीकै क्रममा प्रहरीको टोली चैत १२ गते झा दम्पतीको घरबाट दुई किलोमिटर पश्चिम-दक्षिणको पिपरा-२ मा पुगेको थियो। बगरमा खोस्रिएको देखिएपछि खनेर हेर्दा दम्पतीको शव भेटिएको डिआइजी सिंहले बताउनु भयो। मृतक झाका छोरा मनिष झाले जिल्ला प्रहरी कार्यालयमा चैत ५ गते अपहरण गरी शरीर बन्धक सम्बन्धी किटानी उजुरी दिए। घटनाको अनुसन्धानपछि घटनामा संलग्न रहेको आरोपमा पिपरा गाउँपालिका-२ का तारा देवी झा, उनका छोराहरू कैलाश झा र विकास भनिने बब्लु झालाई प्रहरीले चैत १३ गते गिरफ्तार गऱ्यो। गिरफ्तार परेका तारा देवीको घरमा झा दम्पतीको जलेको कपडा, शव लुकाएको र जलाएको बाकस, जलेका दाउरा लगायत सामग्री फेला परेको थियो।

### बम बिष्फोटमा घाइते

**सिरहा**

लहान नपा-८ स्थित मालपोत कार्यालयमा ०७७ चैत १ गते दिउँसो प्रेसर कुकर बम विष्फोट हुँदा सोही कार्यालयमा कार्यरत नायबसुब्बा विष्णुपुर गाउँपालिका- ३ का ३८ वर्षीय शिवकुमार यादव, सेवाग्राहीहरू भगवानपुर गाउँपालिका-३ का ५४ वर्षीय बद्रीनारायण यादव, धनगढीमाई नगरपालिका-४ का ३० वर्षीय दिनेश भण्डारी, गोलबजार नगरपालिका-६ की ३५ वर्षीया लक्ष्मी राणा, ३५ वर्षीया बेचनी मगर,







*लहान स्थित मालपोत कार्यालयमा बम विस्फोट हुँदा घाइते भएका लालबाबु विक, दिनेश भण्डारी र बद्रिनारायण यादव*

गोलबजार नगरपालिका-४ की ३८ वर्षीया फुलकुमारी ठाकुर, लहान नगरपालिका-१६ का ४५ वर्षीय लालबाबु विक र लेखनदास धनगढीमाई नगरपालिका-१३ का ८२ वर्षीय भोलाबहादुर पाचे मगर घाइते भए। घाइतेहरूको लहान स्थित रामकुमार उमाप्रसाद स्मारक अस्पताल लहान र सप्तऋषी अस्पतालमा उपचार भयो भने गम्भीर घाइते भएका दिनेश भण्डारीको थप उपचार काठमाडौं स्थित ट्रमा सेन्टरमा भयो। विष्फोटबाट कार्यालयमा रहेका फर्निचर, रजिष्टर लगायत, झ्यालहरूमा क्षति पुग्यो। इलाका प्रहरी कार्यालय लहानका डिएसपी डा. तपन दाहालले घटना अनुसन्धानको क्रममा सुखिपुर नगरपालिका-५ का २५ वर्षीय राम रिझन यादव र लक्ष्मीपुर पतारी गाउँपालिका-३ का २६ वर्षीय अभिमन्यु गिरीको संलग्नता देखिएकोले उनीहरूलाई चैत १६ गते गिरफ्तार गरेको बताए। अभिमन्यु पाँच वर्षदेखि जनतान्त्रिक मुक्ति मोर्चाको सदस्य रहेको र दुवै आरोपितहरू विभिन्न बम काण्डमा अदालतबाट धरौटीमा रिहा भएको खुल्न आएको डिएसपी दाहालले बताए।

## कुटपिट

### राज्यपक्षबाट

#### धनुषा

विदेह नगरपालिका-४ ठारही बस्ने ४५ वर्षीय सुरुवा पासवान र ३५ वर्षीय गणेशकुमार पासवानले आफूहरूलाई सोही वडाका वडा अध्यक्ष ४० वर्षीय विनोद गोहिमानले कुटपिट गरेको भन्दै इलाका प्रहरी कार्यालय खजुरीमा फागुन ११ गते दिएको उजुरी प्रहरीले दर्ता नगरेको आरोप लगाए। ठारही प्रहरी चौकीका असई राम प्रमोद यादव र हवल्दार सन्तोष पाण्डेकै अगाडि आफुलाई वडा कार्यालयमै फागुन ९ गते कुटपिट गरेको र प्रहरी मुखदर्शक बनेको पीडित सुरुवा पासवानले आरोप छ। वडा अध्यक्षको कुटपिटबाट घाइतेहरूको फागुन ९ गते स्थानिय क्लिनिकमा उपचार गरिएको छ। गाउँमा २० फिटको सडकलाई १० फिटको साँगुरो बनाएर सार्वजनिक भवन बनाउन लाग्दा आफुहरूले सो विरुद्ध आवाज उठाउँदा वडा अध्यक्षले वडा कार्यालयमै प्रहरीको समक्ष कुटपिट गरेको पीडित गणेशकुमार पासवानले इन्सेक धनुषा प्रतिनिधीलाई फागुन १७ गते बिहान बताए। यता, जिल्ला प्रहरी कार्यालय धनुषाका डिएसपी मकेन्द्रकुमार मिश्रले घटनाबारे प्रहरीमा उजुरी आएको र सो बारेमा अनुसन्धान भइरहेको बताए। यो अवधिमा आरोपितलाई कुनै कारबाही गरिएको छैन।

### अन्यपक्षबाट

#### सप्तरी

राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा कार्यरत ३६ वर्षीय डाक्टर अजय चौधरीलाई ०७७ फागुन २६ गते राति सोही अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेन्ट डाक्टर रणजितकुमार झाले अभद्र व्यवहार गरेको भन्दै पीडितले फागुन २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। अस्पताल परिसरमा रहेको आवास गृहमा राति ११ बजे अनधिकृत रूपमा प्रवेश गरी आरोपित डाक्टर झा र केही कर्मचारीसहित २० जनाको समूहले गालीगलौज गरी ढोकाको तारजालीमा प्रहार गरेको आरोप लगाउँदै डाक्टर चौधरीले जिल्ला प्रहरी कार्यालयमा कारबाहीका लागि उजुरी दिएको बताए। छिन्नमस्ता अस्पतालका कर्मचारी, चिकित्सक, केही औषधी व्यवसायी र ल्याब टेक्निसियनहरूले 'डाक्टरहरू बचाउ' अभियान भन्दै फागुन २७ गते राजविराजमा मेसु डाक्टर झाविरुद्ध प्लेकार्डसहित विरोध प्रदर्शन गरे। निमित्त मेसु डाक्टर झाले सरकारी अस्पतालमा हाजिर गरेर दिनभरी निजी अस्पतालमा काम गर्ने चिकित्सकहरूलाई स्पष्टिकरण सोधेको विषयमा गुट बनाई छिन्नमस्ता अस्पतालमा कार्यरत चिकित्सक, कर्मचारी र केही औषधी व्यवसायीले फागुन २६ गते राति गालीगलौज गर्दै आफ्नो ढोकामा प्रहार गरेको र प्रायोजित रूपमा निराधार हल्ला चलाएको बताए। अस्पताल परिसरमा रहेको डाक्टर झा र चौधरी निवासको ढोकामा सामान्य क्षति पुगेको छ।

#### धनुषा

क्षिरेश्वरनाथ नपा-६ क्षिरेश्वर चोकमा ड्युटीमा खटिएका इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा कार्यरत ३५ वर्षीय असई शालीग्राम सुवेदी, प्रहरी हवलदार ३२ वर्षीय राकेश रम्तेल र प्रहरी जवान २९ वर्षीय आनन्दबाबु साहलाई वियरको बोतल प्रहार गरी घाइते बनाएको आरोपमा लक्ष्मिनियाँ गाउँपालिका-६ निकाल बस्ने ३० वर्षीय सन्तोष शर्मालाई इलाका प्रहरी कार्यालय महेन्द्रनगरले चैत १६ र लक्ष्मीनिया गाउँपालिका-३ सिनुरजोडा बस्ने ३० वर्षीय रोहित यादवलाई चैत १८ गते गिरफ्तार गर्‍यो। सखुवा चोकमा इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट ट्राफिक सहित खटिएको प्रहरीले ज.१२ प ५०१४ नम्बरको मोटरसाइकल

चालकले हेलमेट नलगाइ चलाइरहेकोले रोक्न खोज्दा मोटरसाइकल नरोकी ट्राफिक प्रहरी जवानलाई सामान्य ठक्कर दिई जनकपुरतर्फ भागेको प्रहरीले जनायो। ठक्कर दिएर भागेका सन्तोषलाई सोही नगरपालिकाको हरैया चोकबाट चैत १६ गते गिरफ्तार गरी इलाका प्रहरी कार्यालय ल्याउँदै गर्दा मोटरसाइकलमा सवार सन्तोष शर्मा र रोहित यादवले प्रहरीमाथि खाली बियरको बोतलले प्रहार गर्दा प्रहरीहरू घाइते भएका थिए। घाइते प्रहरीहरूको महेन्द्रनगर हेल्थ केयरमा चैत १७ गते उपचार भएको जिल्ला प्रहरी कार्यालय धनुषाका डिएसपी मकेन्द्रकुमार मिश्रले बताए।

महोत्तरी जिल्ला पिपरा गाउँपालिका-४ घर भई जिल्ला प्रहरी कार्यालय धनुषामा असई पदमा कार्यरत ३८ वर्षीय विद्यापति ठाकुरलाई फागुन ४ गते दिउँसो जनकपुरधाम उपमहागरपालिका-४ बस्ने १९ वर्षीय अभिनाश कर्ण, १९ वर्षीय धनेश्वर मण्डल र १८ वर्षीय रिसिकेश सिंहले कुटपिट गरे। कुटपिटबाट हात भाँचिएको र टाउको फुटेको अवस्थामा प्रादेशिक अस्पताल जनकपुरमा ठाकुरको उपचार भयो। पीडित पक्षले जिल्ला प्रहरी कार्यालय धनुषामा फागुन ६ गते दिएको उजुरीको आधारमा आरोपितमध्ये अविनाश कर्णलाई फागुन ६ गते जिल्ला प्रहरी कार्यालय धनुषाले गिरफ्तार गऱ्यो। धनेश्वर मण्डल र रिसिकेश सिंह फरार रहेकाले खोजी कार्य भइरहेको छ।

**महोत्तरी**

बर्दिवास नगरपालिका-३ स्थित जनता माध्यमिक विद्यालय गौरीडाँडाका शिक्षक एवम् पूर्व प्रधानाध्यापक ५० वर्षीय नेत्रबहादुर रम्तलेमाथि विद्यालय परिसरमै फागुन १३ गते सोही ठाउँका २८ वर्षीय मनिष अर्यालले कुटपिट गरेको पीडित शिक्षकले आरोप लगाए। शिक्षक रम्तेलमाथि टाउकोमा मुक्का प्रहार गर्दै शरीरमा लगाएको गन्जि, सर्ट र कोर्ट च्यातिदिएको प्रत्यक्षदर्शी एक शिक्षकले बताए। शिक्षकमाथि भइरहेको आक्रमण रोक्न खोज्दा आरोपितले ढुङ्गा प्रहार गरेको विद्यार्थीहरूले बताए। दोषीलाई कारबाहीको माग गर्दै शिक्षक रम्तेलले इलाका प्रहरी कार्यालय बर्दिवासमा फागुन १४ गते उजुरी दर्ता गरे। आरोपितलाई फागुन १३ गते गिरफ्तार गरिएकोमा धरौटीमा रिहा भएको इलाका प्रहरी कार्यालय बर्दिवासका डिएसपी विरेन्द्र थापाले बताए। शिक्षक रम्तेलमाथि विद्यालयमै आक्रमण भएको घटनाका दोषीलाई कारवाहीको माग गर्दै विद्यार्थीहरूले फागुन १४ गते प्रदर्शन गरे।

**सर्लाही**

हरिपुर्वा नपा-९ का ३८ वर्षीय व्यापारी रमेश रायलाई फागुन २९ गते साँझ सोही नपा-८ का जनता समाजवादी पार्टीका ३५ वर्षीय कार्यकर्ता राजकुमार यादवले कुटपिट गरेको भन्दै पीडितकी पत्नी रासकलीया देवी रायले चैत २ गते इलाका प्रहरी कार्यालय हरिपुर्वामा उजुरी दिइन्। विगत पाँच वर्षदेखि व्यापार/व्यवसाय गर्दै आएका रमेशसँग सामान किनबेचको रकमका सम्बन्धमा विवाद हुँदा यादवले रड प्रहार गरेको पीडितकी पत्नीले बताइन्। रमेशको टाउको, छाति र दाहिने हातमा चोट लागेको थियो। उनको उपचार लालबन्दी नपा-१ स्थित नबलपुरको मोडेल अस्पतालमा भयो। आरोपित यादव घटनापछि फरार रहेकाले खोजी कार्य भइरहेको इलाका प्रहरीले कार्यालयले बतायो।

**बारा**

पचरौता नगरपालिका-५ करेमवा टोल निवासी ५० वर्षीय अवधकिशोर यादवलाई २०७७ चैत १२ गते वडा कार्यालयमा गरिवी निवारण कार्यक्रमको सिफारिस माग गर्न जाँदा वडा अध्यक्ष लक्ष्मीप्रसाद यादवको आदेशमा ३८ वर्षीय प्रमोद प्रसाद यादव, ४० वर्षीय सुखारी प्रसाद, ५० वर्षीय जयनाथ प्रसाद यादव, १६ वर्षीय प्रदिप कुमार यादव र १८ वर्षीय बिकेश यादवले रड र ईटा प्रहार गरेर आक्रमण गरेको भन्दै पीडित परिवारले चैत १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। कुटपिटबाट उनको टाउको, दुवै हात र ढाडमा चोट लागेको थियो। घाइतेलाई कलैया अस्पतालमा उपचारका लागि लगिएकोमा थप उपचार नेशनल मेडिकल कलेज विरगञ्जमा भयो। पीडित परिवारले शान्ति सुरक्षा उपलब्ध गराउन र न्याका लागि पहल गरिदिन भनि इन्सेक बाराको कार्यालयमा पीडित परिवारका २८ वर्षीय पानालाल यादवले निवेदन दिए। इन्सेक प्रतिनिधि भोलानाथ पौडेलले जिल्ला प्रहरी कार्यालयका डिएसपी गौतम मिश्रसँग सम्पर्क गरी उजुरी दर्ता र घाउजाँच र पीडित परिवारको शान्ति सुरक्षाका लागि आग्रह गरे। प्रहरी चौकी बेल्दारीका असई रामबिनेश महतोले दुवै पक्षलाई चैत १८ गते बिहान प्रहरी चौकी बेल्दारीमा छलफल गर्न बोलाउनुका साथै इन्सेक प्रतिनिधि सहभागी भई

सहजीकरण गर्न अनुरोध गरे। कोरोना सङ्क्रमणको अवस्थामा छलफल नभएको इन्सेक प्रतिनिधिले बताए।

## गिरफ्तारी

### सप्तरी

खडक नगरपालिका-३ बनरझुल्ला निवासी प्रतिबन्धित नेकपाका सप्तरी 'जनसरकार' प्रमुख ५२ वर्षीय आदर्श भनिने रामनाथ मण्डल, सिरहा/सप्तरी जिल्ला सदस्यहरू छिन्नमस्ता गाउँपालिका घर भई राजबिराज नपा-५ मा किराना पसल गरी बस्ने २६ वर्षीय उदय भनिने उदयनाथ मण्डल र बिष्णुपुर गाउँपालिका-१ का २५ वर्षीय रामकृष्ण मण्डललाई फागुन १४ गते राति सप्तरी प्रहरीले गिरफ्तार गर्‍यो। सप्तरी जिल्लामा केही समयदेखि विभिन्न व्यावसायी, कार्यालय प्रमुख तथा जनप्रतिनिधीहरूसँग चन्दा माग गर्ने, धाकधम्की दिने गरेको सूचनाका आधारमा अनुसन्धान पश्चात उनीहरूलाई गिरफ्तार गरेको प्रहरीले जनायो। उनीहरूको साथबाट युवा सङ्गठन नेपाल विशेष आर्थिक सहयोगको पत्र, अखिल नेपाल महिला सङ्घ क्रान्तिकारी लेखिएको आर्थिक सहयोगको पत्र, अखिल नेपाल किसान महासङ्घ केन्द्रीय समिति लेखिएको पर्चा, नेकपा जिल्ला सप्तरीको २०७७ असार १६ गतेको पर्चा, जन विद्रोह लेखिएको किताब, वीर मधेशी लेखिएको किताब, युवा सङ्गठन नेपालको साधारण सदस्यता ठेलीलगायत चन्दा माग्न प्रयोग भएको चार थान मोबाइल प्रहरीले बरामद गर्‍यो। जिल्ला प्रहरी कार्यालयले उनीहरूविरुद्ध फागुन १६ गते आपराधिक लाभको उजुरी दर्ता गर्‍यो। सरकारले नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपाको गतिविधीमाथि ०७५ फागुन २८ गतेदेखि लगाएको प्रतिबन्ध प्रतिबन्ध फुकुवा गर्ने, नेता-कार्यकर्ता रिहाइ गर्ने लगायतका तीन बुँदे सहमति भएसँगै गिरफ्तार तीनै जना जिल्ला सरकारी वकिलको कार्यालयबाट सहमति लिई जिल्ला अदालतबाट फागुन २१ गते रिहा भए।

### महोत्तरी

प्रतिबन्धित नेकपाका महोत्तरी-सर्लाही इन्चार्ज ४५ वर्षीय कमलबहादुर सुशीललाई २०७७ फागुन १६ गते प्रहरीले गिरफ्तार गर्‍यो। सर्लाहीमा चन्दा आतङ्क मच्चाएको आरोपमा इलाका प्रहरी कार्यालय गौशालाको प्रहरी टोलीले गौशाला नपा-११ तारेचौरीमा लुकेर बसेको अवस्थामा साँझ गिरफ्तार गरेको प्रहरीले जनायो। जिल्ला प्रहरी कार्यालय महोत्तरीका एसपी टिकाबहादुर केसीले व्यापारी र कर्मचारीलाई धम्कीपूर्ण व्यवहार गरी चन्दा आतङ्क मच्चाएपछि सर्लाही प्रहरीको सहयोगमा महोत्तरीको गौशालाबाट गिरफ्तार गरेको बताए। फागुन २० गते नेपाल सरकार र नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपा बिच तीन बुँदे सहमति भएपछि आरोपित सुशिललाई रिहा गरिएको प्रहरीले बतायो।

## अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

### धनुषा

प्रतिनिधि सभाको पुनर्स्थापना र संवैधानिक निकायमा सरकारले गरेको पदाधिकारी नियुक्तिको विरोधमा नेकपा (दाहाल-नेपाल) पक्षले २०७७ माघ २२ गते आयोजना गरेको आमहड्तालका क्रममा जनकपुरधाम उपमहागरपालिका-४ शिव चोकमा प्रदर्शनकारी र प्रहरीबिच झडप हुँदा प्रहरीको लाठीचार्जमा परेर सबैला नपा-२ निवासी नेकपा स्थायी कमिटी सदस्य ५५ वर्षीय मातृका यादव, जनकपुरधाम उपमहागरपालिका-४ बस्ने ६० वर्षीय रामचन्द्र झा, धनुषाको शहीद नगरपालिकाका नगर प्रमुख २९ वर्षीय उदय कुमार यादव बरबरीया, हंसपुर नपा-४ का ३० वर्षीय प्रदिप साह, सबैला नपा-२ सबैलाका ५२ वर्षीय कारिराम यादव, जनकपुर उपमहानगरपालिका-६ पेठियागाछीका ५१ वर्षीय उमेशकुमार साह, विदेह नगरपालिका-४ ठाडीका ३६ वर्षीय शिवकुमार गोइत, सहिद नगरपालिका-५ पचहरवाका ४४ वर्षीय सुरेश कापर घाइते भए। घाइतेहरूको प्रादेशिक अस्पताल जनकपुरमा उपचार भयो। पूर्व मन्त्री मातृका यादव, रामचन्द्र झा र मेयर उदयकुमार यादवको थप उपचार काठमाडौँमा भयो। झडपमा परेर जिल्ला प्रहरी कार्यालय धनुषामा कार्यरत सर्लाही जिल्ला रामनगर नपा-१ निवासी प्रहरी जवान ३२ वर्षीय लालबाबु राय घाइते भए। घाइतेहरूको टाउको र हातमा चोट लागेको थियो। सो क्रममा प्रहरीले सहिद नपा-६ हरबराका २८ वर्षीय अपराजय मण्डल, सहिद नपा-८ बिसरभोराका ५० वर्षीय बिरजु बिराजी, सोही ठाउँका ३० वर्षीय रुपेश बिराजी, सहिद नपा-६ हरबराका ३१ वर्षीय सभाष मण्डल र विदेह नपा-१ ठाडीका २८ वर्षीय रन्जीत पाण्डे लगायतलाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय जनकपुरमा राखिएकोमा सोही दिन साँझ रिहा गर्‍यो।




*प्रतिनिधि सभाको पुनर्स्थापनाको माग गर्दै आम हड्तालको क्रम प्रहरीसँग भएको झडपमा घाइते भएका रामचन्द्र झा, मातृका यादव  र प्रहरी जवान लालबाबु राय*

**सर्लाही**

चन्द्रनगर गाउँपालिका-७ मा रहेको गाउँपालिका कार्यालय वडा नं. २ स्थित बबरगञ्जमा सार्न खोजेको भन्दै स्थानीय, नेपाली काँग्रेस तथा नेकपाका कार्यकर्ताहरू संयुक्त रूपमा मिली चन्द्रनगर गाउँपालिकाको कार्यालयमा तालाबन्दी गरी फागुन २१ गते प्रदर्शन गरेपछि प्रहरीले लाठी चार्ज गर्नुका साथै १४ राउण्ड अश्रु ग्याँस प्रहार गर्दा नौ जना घाइते भएको कांग्रेसका पूर्व सभापति सत्यदेव सिंह दनुवारले बताए। तालाबन्दी गरी प्रदर्शन गर्ने क्रममा प्रदर्शनकारी र प्रहरीबिच झडप भएको थियो। झडपमा घाइते हुनेहरूमा नेकपाका कार्यकर्ता चन्द्रनगर गाउँपालिका-७ का ३६ वर्षीय रामकलेबर राय यादव, २८ वर्षीय सकिन्द्र मुखिया, २९ वर्षीय राकेश महतो, ३१ वर्षीय रामसमिन्द्र मुखिया र कांग्रेस कार्यकर्ता चन्द्रनगर गाउँपालिका-७ का ३३ वर्षीय नवराजकुमार महतो, ३० वर्षीय रामकलेश सिंह, ३५ वर्षीय विवेक दनुवार, २४ वर्षीय रविन्द्र सहनी, वडा नं ६ का २८ वर्षीय सत्यनारायण दनुवार घाइते भए। घाइतेहरूको सामान्य उपचार चन्द्रनगर गाउँपालिकास्थित सामुदायिक स्वास्थ्य क्लिनिकमा भई जिल्ला अस्पताल मलंगवा लगेर थप उपचार भयो। घाइतेमध्ये सत्यनारायण दनुवारलाई थप उपचारका लागि बीरगञ्ज लगिएको थियो। झडपमा सशस्त्र प्रहरी बलका ३२ वर्षीय रामनरेश राय, २९ वर्षीय विनोद महतो, ३४ वर्षीय रामचन्द्र राय यादव सामान्य घाइते भए। घाइतेहरूको उपचार जिल्ला अस्पताल मलंगवामा भयो। प्रहरीले भिडलाई नियन्त्रणमा लिन १४ सेल अश्रु ग्याँस प्रहार गरेको जिल्ला प्रहरी कार्यालयका एसपी सन्तोषसिंह राठौरले बताए।

नेपाल कम्युनिष्ट पार्टी (प्रचण्ड-नेपाल समूह) का कार्यकर्ता र नेपाली कांग्रेसका कार्यकर्ताबिच पुस २६ गते झडप हुँदा सात जना घाइते भए। चक्रघट्टा गाउँपालिका अध्यक्ष विक्रम यादव पक्षले चक्रघट्टा गाउँपालिका-६ गोहियाहीका ६१ वर्षीय रामजिनिस साहलाई कुटपिट गरेको विषयमा दुई पक्षबिच झडप भएको थियो। झडपका क्रममा दुई पक्षबिच ढुङ्गा हानहान भएपछि गाउँपालिका अध्यक्ष यादव पक्षका ६ जना र नेपाली कांग्रेस तर्फका एक जना गरी सात जना घाइते भए। घाइते हुनेहरूमा गाउँपालिका अध्यक्ष पक्षका चक्रघटा गाउँपालिका-२ बस्ने ३६ वर्षीय दिनेश राय, ३३ वर्षीय रञ्जित यादव, २८ वर्षीय सन्तोष यादव, चक्रघटा गाउँपालिका-९ घोरिया बस्ने २० वर्षीय धिरेन्द्र यादव, २२ वर्षीय पप्पु यादव र चक्रघटा गाउँपालिका-७ सगरदिना बस्ने ३३ वर्षीय नविन कुमार यादव रहेका थिए। घाइते ६ जनाको जिल्ला अस्पताल मलंगवामा उपचार भएको जिल्ला प्रहरी कार्यालयले जनायो। त्यसैगरी नेपाली कांग्रेस पक्षका लेथ मेशीन सञ्चालक चक्रघटा गाउँपालिका-६ गोहियाही बस्ने ६१ वर्षीय रामजिनिस साहलाई कुटपिट गरी घाइते बनाएको पीडित पक्षको आरोप छ। घाइतेको उपचार जिल्ला अस्पताल मलंगवामा गरी थप उपचारका लागि

बीरगंज रेफर गरिएको जिल्ला प्रहरी कार्यालयले जनायो। रामजिनिस साह पक्षबाट करिब ३ सय जना आएर स्थानीयले चक्रघटा गाउँपालिकाको ना १ भ १७०० नम्बरको स्कर्पियो जीप र कार्यालयमा तोडफोड गरी लाखौँको क्षति पुऱ्याएको चक्रघटा गाउँपालिकाका अध्यक्ष यादवले बताए।

**बारा**

नेकपा दाहाल-नेपाल पक्षले कलैयाको भरतचोकमा ०७७ माघ २२ गते बिहान प्रतिनिधि सभा विघटनको विरोधमा सवारी आगमन अवरुद्ध गरी मुख्य सडकमा बसेका कलैया उपमहानगरपालिका-८ का ४० वर्षीय नगर कमिटी अध्यक्ष तथा विद्यार्थी नेता जवाहीर अन्सारी, सोही नपा-३ का नगर कमिटी सचिव ४० वर्षीय मुकेश साह, सोही नपा-४ का ४२ वर्षीय जिल्ला कमिटी सदस्य बैधनाथ साह कलवार, सोही नपा-२ का ३२ वर्षीय विद्यार्थी नेता राजेश पटेल, सोही नपा-३ का ३५ वर्षीय विद्यार्थी नेता हरीओमसाह कानु, सोही नपा-२ का ४८ वर्षीय अरुन खनाल, सोही नपा-२० का ४० वर्षीय संदिप यादव र सोही नपा-९ का २१ वर्षीय महमद अरिफ अन्सारीलाई प्रहरीले गिरफ्तार गऱ्यो। सिम्रोनगढ नगरपालिकाको कार्यालयको ना १ ब ३३९९ नम्बरको मोटरसाइकल तोडफोड गरी भाइजर फुटाएकाले थप क्षतिहुन नदिन र अवरुद्ध सडक खुलाउन इन्स्पेक्टरको कमाण्डमा रहेको प्रहरीले गिरफ्तार गरी शान्ति सुरक्षा कायम गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी गौतम मिश्रले बताए। उनीहरूलाई सोही दिन रिहा गरिएको प्रहरीले जनायो।

**बाल अधिकार**

**हत्या**

**धनुषा**

विदेह नपा-२ का ६ वर्षीय बालकको अपहरण गरी हत्या गरेको अवस्थामा पुस १७ गतेमा शव फेला पऱ्यो। बालकलाई अपहरण गरी घाँटी थिचेर हत्या गरेको भन्दै बाबु विष्णुदेव राउतले पुस १८ गते जिल्ला प्रहरी कार्यालय धनुषामा किटानी जाहेरी दिए। जिल्ला प्रहरी कार्यालय धनुषाले हत्या आरोपमा विदेह नपा-२ बस्ने २३ वर्षीया प्रमिला देवी अमात्य, ५० वर्षीय ब्रह्मदेव राय, ४५ वर्षीया गुलावी देवी, २२ वर्षीया सिता कुमारी र २५ वर्षीया लीला देवीलाई पुस १८ गते गिरफतार गऱ्यो। प्रहरीले आरोपितह विरुद्ध जिल्ला अदालतमा कर्तव्य ज्यान सम्बन्धी मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालत धनुषाको माघ २१ गते आदेशले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला प्रहरी कार्यालय धनुषाका डिएसपी मकेन्द्रकुमार मिश्रले बताए। शवको पोष्टमार्टम प्रादेशिक अस्पताल जनकपुरमा पुस १७ गते भयो ।

नगराइन नपा-६ बस्ने सात वर्षीय चन्दन कुमार दासलाई २०७७ फागुन ८ गते महोत्तरी जिल्ला पिपरा गाउँपालिका-७ घर भई हाल जनकपुरधाम उपमहानगरपालिका-७ कटैयाचौरी बस्ने २० वर्षीय राम रतन दास भनिने लक्ष्मेश्वर कुमार दासले अपहरण तथा शरिरबन्धक बनाएको भन्दै पीडित पक्षले फागुन ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितहरूले फोनमा १ करोड रुपियाँ फिरौती माग गरेको पीडितका बुबा रमेश दास बताए। प्रहरीले आरोपितलाई फागुन ८ गते गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय धनुषाका डिएसपी मकेन्द्रकुमार मिश्रले बताए। आरोपितलाई जिल्ला अदालत धनुषाले चैत ६ गते पुर्पक्षका लागि थुनामा पठायो।

धनुषाधाम नपा-५ बस्ने ६ वर्षीय शम्भु दासलाई माघ १२ गते अपहरण गरी भारततर्फ बेचबिखन गर्न लगेको भन्दै जनकपुरधाम उपमहानगरपालिका-१२ बस्ने ३५ वर्षीय मनोज महतो विरुद्ध माघ १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले माघ १३ गते गिरफतार गऱ्यो। बालकलाई भारतमा बिक्री गर्ने उद्देश्यले लुकिछिपी बालकसहित जनकपुरधाम उपमहानगरपालिका-६ स्थित तत्मा कुट्टीमा बसिरहेको अवस्थामा गोप्य सूचनाको आधारमा प्रहरीले गिरफतार गरेको पीडित बालकका बुबा नारायण दासले बताए। जिल्ला अदालतको चैत १२ गतेको आदेशले आरोपितलाई पूर्पक्षका लागि पठायो।

**बारा**

कलैया उपमहानगरपालिका-२१ मुस्लीम टोलकी १७ वर्षीया नाजला खातुनलाई ०७७ माघ ८ गते घरबाट अपहरण गरी शरिर बन्धक बनाएको आरोपमा सोही टोलका २२ वर्षीय बसरुदिन नटका विरुद्ध पीडित परिवारकी सकिला खातुनले जिल्ला प्रहरी कार्यालयमा सोही दिन उजुरी दिइन्। पीडित परिवारका असलम अंसारीले ०७७ माघ ११ गते न्यायका लागि पहल गरिदिन इन्सेक बारा प्रतिनिधि भोलानाथ पौडेललाई अनुरोध गरे। जिल्ला अदालतले माघ ११ गते पक्राउ पुर्जी जारी गऱ्यो। जिल्ला प्रहरी कार्यालयको प्रहरीले ०७७ फागुन १३ गते करैयामाई

गाउँपालिका-४ लौतन टोलबाट लुकेर बसेको अवस्थामा आरोपितलाई गिरफ्ता गऱ्यो। बसरुदिन नटको फागुन १३ गते कलैया अस्पतालमा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतले फागुन १३ गते प्रथम पटक दश दिनको म्याद अनुमति दियो। फागुन १८ गते दोस्रोपटक १५ दिनको म्याद अनुमति दियो। तेस्रो पटक फागुन २८ गते दश दिनको म्याद अनुमति दियो। मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ३१ एपदफा १ अनुसूचि १९ बमोजिम जिल्ला अदातमा अपहरण र शरीरबन्धक मुद्दा चलिरहेको छ।

महागढीमाई नगरपालिका-६ की १६ वर्षीया अनिता कुमारीलाई ०७७ माघ २९ गते घरमा बसिरहेको अवस्थामा सोही टोलका २२ वर्षीय बालकृष्ण चौधरीले अपहरण गीर शरीर बन्धक बनाएको भन्दै पीडित परिवारले माघ २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपित हालसम्म फरार रहेको प्रहरीले जनायो। प्रहरीले आरोपित विरुद्ध जिल्ला प्रहरी कार्यालयमा अपहरण गरी शरीर बन्धक मुद्दा दर्ता गऱ्यो।

## बेचबिखन तथा ओसारपसार

### धनुषा

६ वर्षीया बालिका नन्दनी दासलाई २०७७ माघ १३ गते भारततर्फ बिक्री गर्न लैजाँदै भन्दै जनकपुरधाम उपमहानगरपालिका-१२ का ३५ वर्षीय मनोज महतोविरुद्ध मानव बेचविखन तथा ओसार पसार उजुरी जिल्ला प्रहरी कार्यालय धनुषामा माघ १५ गते दर्ता भयो। माघ १३ गते बालिकालाई घरबाट भारततर्फ बिक्री गर्न लैजादै गरेको गोप्य सुचनाको आधारमा प्रहरी चौकी जटहीले नगराइन नपा-२ बाट बालिकालाई उद्धार गरेका थिए। महतोविरुद्ध मानव बेचविखन तथा ओसारपसार मुद्दामा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

## बलात्कार, यौन दुर्व्यवहार

### सप्तरी

पाँच वर्षीया बालिकालाई ०७७ माघ १६ गते बलात्कार गरेको भन्दै आफ्नै बाबुविरुद्ध बालिकाकी आमाले माघ १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले माघ १८ गते गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण माघ १८ गते गजेन्द्रनारायण सिंह अस्पतालमा भयो। प्रहरीले जिल्ला अदालतमा फागुन ११ गते अभियोग पत्र दायर गरेकोमा जिल्ला अदालतका न्यायाधीश रीता बखेलको फागुन १३ गतेको इजलाशले आरोपितलाई थुनामा पठायो।

१७ वर्षीया बालिकालाई ०७७ माघ ३ गते बलात्कार गरेको भन्दै छिन्नमस्ता गाउँपालिका-१ बरही विरपुरका २२ वर्षीय डम्बर रायविरुद्ध पीडितका बुबाले माघ २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ २१ गते गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा भयो। आरोपित हालसम्म गिरफ्तार भएका छैनन्।

६ वर्षीया बालिकालाई ०७७ फागुन ११ गते साँझ बलात्कार गरेको भन्दै १५ वर्षीय बालकविरुद्ध पीडितकी आमाले फागुन ११ गते इलाका प्रहरी कार्यालय कल्याणपुरमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई फागुन ११ गते गिरफ्तार गऱ्यो। बालिकालाई ललाई फकाई शम्भुनाथ नपा-४ स्थित जसिला चौधरीको गाई गुहाली घरमा लगेर बलात्कार गरेको पीडितले बताइन्। बालिकाको स्वास्थ्य परीक्षण फागुन ११ गते राजविराज नपा-४ स्थित गजेन्द्रनारायण सिंह अस्पतालमा भयो। जिल्ला अदालतमा ०७७ फागुन १९ गते अभियोग पत्र दायर भएकोमा जिल्ला न्यायाधीश चन्द्रमणि ज्ञवालीको इजलाशले बालकलाई अभिभावकको जिम्माजमानीमा तारिखमा रिहा गर्ने आदेश दियो।

१३ वर्षीया बालिकालाई ०७७ फागुन १९ गते बलात्कार गरेको भन्दै सुरुङ्गा नपा- ५ का २१ वर्षीय नरेश मण्डल धानुकविरुद्ध पीडितकी आमाले फागुन २४ गते इलाका प्रहरी कार्यालय रानी, मोरङ्गमा उजुरी दिइन्। आरोपितलाई इलाका प्रहरी कार्यालय रानीले फागुन २४ गते गिरफ्तार गऱ्यो। इलाका प्रहरी कार्यालय कडरबोना, सप्तरीले आरोपितविरुद्ध फागुन २५ गते उजुरी दर्ता गऱ्यो।

१० वर्षीया बालिकालाई ०७७ फागुन ९ गते यौन दुर्व्यवहार गरेको भन्दै १७ वर्षीय बालकविरुद्ध पीडितकी आमाले फागुन ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई फागुन १२ गते गिरफ्तार गरी सोही दिन उजुरी दर्ता गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण फागुन ११ गते राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा भयो। जिल्ला अदालतमा ०७७ चैत १ गते अभियोग पत्र दायर भएकोमा जिल्ला न्यायाधीश चन्द्रमणि ज्ञवालीको इजलाशले चैत २ गते बालकलाई बालसुधार गृह पठाउने आदेश गऱ्यो।

## सिरहा

१४ वर्षीया बालिकालाई ०७७ पुस २१ गते बलात्कार गरेको आरोपमा लहान नपा-१६ का ३५ वर्षीय दिपक सदाविरुद्धे पीडित परिवारले पुस २७ गते इलाका प्रहरी कार्यालय लहानमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण पुस २७ गते लहान स्थित रामकुमार उमाप्रसाद स्मारक अस्पतालमो भयो। इलाका प्रहरी कार्यालय लहानका डिएसपी शरतकुमार थापा क्षेत्रीका अनुसार आरोपित फरार रहेकोले खोज तलास भइरहेको बताए।

१६ वर्षीया बालिकालाई ०७७ माघ २ गते बलात्कार गरेको आरोपमा गोलबजार नपा-१ का २० वर्षीय प्रभुप्रसाद यादवविरुद्ध पीडित परिवारले माघ ३ गते इलाका प्रहरी कार्यालय लहानमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण माघ ३ गते लहान स्थित रामकुमार उमाप्रसाद अस्पतालमा भयो। आरोपितलाई माघ ३ गते गिरफ्तार गरेको इलाका प्रहरी कार्यालय लहानका डिएसपी शरतकुमार थापा क्षेत्रीले बताए। जिल्ला अदालतको आदेशमा आरोपित माघ २८ गते देखि  बालसुधार गृह बिरगंजमा रहेका छन्।

१६ वर्षीया बालिकालाई २०७७ माघ ५ गते बलात्कार गरेको आरोपमा गोलबजार नपा-३ का २२ वर्षीय गौरीशंकर साह विरुद्ध पीडित परिवारले माघ ८ गते इलाका प्रहरी कार्यालय गोलबजारमो उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण माघ ८ गते जिल्ला अस्पताल सिरहामा भयो। इलाका प्रहरी कार्यालय गोलबजारका इन्सपेक्टर सन्तोष राईका अनुसार आरोपित फरार रहेकोले खोज तलास भइरहेको बताए।

१७ वर्षीया बालिकालाई ०७७ माघ १७ गते बलात्कार गरेको आरोपमा भगवानपुर गाउँपालिका-३ का २३ वर्षीय पप्पु भनिने कन्हैया यादवविरुद्ध पीडित परिवारले माघ १८ गते इलाका प्रहरी कार्यालय लहानमा उजुरी दिए। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ १८ गते लहान स्थित रामकुमार उमाप्रसाद अस्पतालमा भयो। इलाका प्रहरी कार्यालय लहानका डिएसपी डा. तपनकुमार दाहालका अनुसार आरोपित फरार रहेकोले खोज तलास भइरहेको बताए।

१६ वर्षीया बालिकालाई ०७७ माघ १३ गते अपहरण गरी बलात्कार गरेको आरोपमा बरियारपट्टी गाउँपालिका-५ का २० वर्षीय राजन यादव, २५ वर्षीय बिजेशकुमार यादव र २५ वर्षीय गगनकुमार यादवविरुद्ध पीडित परिवारले फागुन ५ गते इलाका प्रहरी कार्यालय महेशपुर पतारमा उजुरी दिए। पीडित परिवारका अनुसार आरोपित राजनले बालिकालाई माघ १३ गते घरबाट भगाई बलात्कार गरेको र अन्य आरोपितहरूले भगाउन सहयोग गरेको पीडित परिवारले बताए। बालिकाको स्वास्थ्य परीक्षण फागुन ५ गते जिल्ला अस्पताल सिरहामा भयो। इलाका प्रहरी कार्यालय महेशपुर पतारका इन्सपेक्टर अरबिन्द कुमार साहका अनुसार आरोपितहरू फरार रहेकोले खोज तलास भइरहेको बताए।

१५ वर्षीया बालिकालाई ०७७ फागुन ९ गते बलात्कार गरेको आरोपमा १६ वर्षीय बालकविरुद्ध पीडित परिवारले फागुन १५ गते इलाका प्रहरी कार्यालय लहानमा उजुरी दिए। पीडित बालिकालाई आरोपितले भगाइ बलात्कार गरेको र छोरी आए पछि घटना थाहा पाएर उजुरी गरेको पीडित बालिकाकी आमाले बताइन्। बालिकाको स्वास्थ्य परीक्षण फागुन १६ गते लहान स्थित रामकुमार उमाप्रसाद अस्पतालमा भयो। इलाका प्रहरी कार्यालय लहानका डिएसपी डा. तपनकुमार दाहालका अनुसार घटनाको जानकारी हुनासाथ बिरटनगर प्रहरीको सहयोगमा आरोपितलाई फागुन १४ गते गिरफतार गरी कारबाहीको लागि फागुन १६ गते म्याद थप गराएको बताए। जिल्ला अदालतको चैत ८ गतेको आदेशल आरोपितलाई बिरगञ्ज स्थित बालसुधार गृहमा पठायो।

१५ वर्षीया बालिकालाई ०७७ माघ २७ गते यौन दुर्व्यवहार गरेको आरोपमा कर्जन्हा नपा-११ का ३६ वर्षीय गुणेश्वर प्रसाद सिहंविरुद्ध पीडित परिवारले माघ २७ गते इलाका प्रहरी कार्यालय मिर्चैयामा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण माघ २७ गते जिल्ला अस्पताल सिरहामा भयो। प्रहरीले आरोपितलाई माघ २७ गते गिरफ्तार गरेको इलाका प्रहरी कार्यालय मिर्चैयाका डिएसपी राजेन्द्र श्रेष्ठले बताए। जिल्ला अदालतको फागुन २१ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१२ वर्षीया बालिकालाई ०७७ माघ ६ गते यौन दुर्व्यवहार गरेको आरोपमा मिर्चैया नपा-३ का ५० वर्षीय राजे यादवविरुद्ध पीडित परिवारले माघ ७ गते इलाका प्रहरी कार्यालय मिर्चैयामा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण माघ ७ गते जिल्ला अस्पताल सिरहामा भयो। आरोपित फरार रहेकोले खोज तलास भइरहेको इलाका प्रहरी कार्यालय मिर्चैयाका डिएसपी राजेन्द्र श्रेष्ठले बताए।

११ वर्षीया बालिकालाई ०७७ फागुन २४ गते यौन र्दुव्यवहार गरेको आरोपमा सुखिपुर नपा-७ का ५३ वर्षीय

रामचलितर साहविरुद्ध पीडित परिवारले फागुन २५ गते इलाका प्रहरी कार्यालय महेशपुर पतारमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण फागुन २५ गते जिल्ला अस्पतालमा भयो। आोपितलाई प्रहरीले फागुन २४ गते राति नै गिरफ्तार गरेको र कारबाहीको लागि जिल्ला अदालतबाट फागुन २५ गते म्याद थप गराएको इलाका प्रहरी कार्यालय महेशपुर पतारका इन्स्पेक्टर अरबिन्द साहले बताए। जिल्ला अदालतको आदेशमा आरोपित चैत १२ गते देखि पुर्पक्षका लागि थुनामा रहेका छन्।

**धनुषा**

आठ वर्षीया बालिकालाई २०७७ पुस १७ गते बलात्कार गरेको भन्दै जनकपुरधाम उपमहानगरपालिका-७ जानकीनगर बस्ने ३५ वर्षीय अहमद राइनविरुद्ध बालिकाकी आमाले पुस १८ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिइन्। बालिकाको स्वास्थ्य परीक्षण पुस १८ गते प्रादेशिक अस्पताल जनकपुरमा भयो। घटना पश्चात्त आरोपित फरार रहेको छन्। आरोपितको खोजी भइरहेको डिएसपी मकेन्द्र मिश्रले बताए।

सात वर्षीया बालिकालाई २०७७ फागुन २३ गते दिउँसो विश्रामपुरस्थित कुखुरा फर्ममा बोलाएर बलात्कार गरेको आरोपमा मिथिला नपा-५ विश्रामपुर बस्ने ६५ वर्षीय कुमार बहादुर मगरविरुद्ध पीडित परिवारले फागुन २३ गते इलाका प्रहरी कार्यालय ढल्केवरमा उजुरी दिए। आरोपितलाई प्रहरीले फागुन २४ गते गिरफतार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण फागुन २३ गते प्रदेशिक अस्पताल जनकपुरमा भयो। घटनाबारे अनुन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाका डिएसपी मकेन्द्रकुमार मिश्रले बताउनु भयो।

१३ वर्षीया बालिकालाई बलात्कार गरी ६ महिनाको गर्भवती बनाएको आरोपमा लक्ष्मीनियाँ गाउँपालिका-२ सपही बस्ने ३५ वर्षीया मुस्कान खातुन र सोही ठाउँ बस्ने २२ वर्षीय शम्भु भनिने ओमनारायण यादवविरुद्ध पीडित परिवारले माघ १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले माघ २९ गते राति धनुषाको लक्ष्मिनियाँ गाउँपालिका-४ स्थित बाटोबाट गिरफ्तार गरेको डिएसपी मिश्रले बताए। मुस्कान खातुनले बालिकालाई आफ्नै कोठामा ग्राहक बोलाई यौनधन्दामा लगाउने गरेकी थिइन्। खातुन लक्ष्मीनियाँमा कोठा भाडामा लिएर बस्दै आएकी थिइन्। प्रहरीले उनीहरूविरुद्ध मानवबेचविखन तथा जबरजस्तीकरणी मुद्दा दर्ता गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण माघ १५ गते प्रादेशिक अस्पताल जनकपुरमा भयो। हाल बालिकालाई जिल्ला प्रहरी कार्यालय धनुषाको समन्वयमा ओरेक नेपालको सुरक्षित आवासमा राखेर स्वास्थ्य उपचार तथा हेरचाह भइरहेको डिएसपी मिश्रले बताए। जिल्ला अदालतको फागुन २८ गतेको आदेशले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षीया बालिकालाई २०७७ माघ २१ गते बलात्कार गरेको भन्दै विदेह नपा-५ बस्ने २५ वर्षीय मिथुन दासविरुद्ध पीडित परिवारले फागुन ३ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण फागुन ३ गते प्रादेशिक अस्पताल जनकपुरमा भयो। आरोपितलाई प्रहरीले फागुन ३ गते घरबाट गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय धनुषाका डिएसपी मकेन्द्रकुमार मिश्रले बताए। प्रहरीले आरोपित विरुद्ध जिल्ला अदालतमा फागुन ३ गते जबरजस्ती करणी मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतको फागुन २८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१५ वर्षीया बालिकालाई २०७७ फागुन ३ गते बलात्कार गरेको आरोपमा जनकपुरधाम उपमहागरपालिका-१७ बस्ने २० वर्षीय महेश मण्डलविरुद्धे पीडितले चैत ३ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिइन्। प्रहरीले आरोपितलाई चैत १५ गते गिरफ्तार गऱ्यो बालिकाको स्वास्थ्य परीक्षण चैत ३ गते प्रादेशिक अस्पताल जनकपुरमा भयो। घटनाबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाका डिएसपी मकेन्द्रकुमार मिश्रले बताए।

१५ वर्षीया बालिकालाई २०७७ पुस १९ गते अभद्र व्यवहार गरेको भन्दै जनकपुरधाम उपमहानगरपालिका-१७ बस्ने ३५ वर्षीय रितिक कुमार यादवविरुद्ध पीडितकी आमाले पुस १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। बालिकाको स्वास्थ्य परीक्षण पुस १९ गते प्रादेशिक अस्पताल जनकपुरमा भयो। प्रहरीले आरोपितलाई पुस १९ गते गिरफ्तार गऱ्यो। जिल्ला प्रशासन कार्यालय धनुषाले माघ ६ गते ५ हजार रुपियाँ धरौटीमा आरोपितलाई रिहा गरेको छ। घटनाको अन्तिम फैसला हुन बाँकी रहेको छ।

**सर्लाही**

१४ वर्षीया बालिकालाई २०७७ माघ २३ गते बलात्कार गरेको आरोपमा हरिपुर नपा-६ हरिपुर बस्ने २४ वर्षीय सिकिन्द्र  राय यादव विरुद्ध पीडित पक्षले

माघ २४ गते इलाका प्रहरी कार्यालय हरिपुरमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण माघ २५ गते जिल्ला अस्पताल मलंगवामा भयो। आरोपित फरार छन्।

१५ वर्षीया बालिकालाई पुस २५ गते बलात्कार गरेको आरोपमा इश्वरपुर नपा-११ रामनगर बस्ने २६ वर्षीय राहुलकुमार महतोविरुद्ध पीडित पक्षले पुस २६ गते इलाका प्रहरी कार्यालय केशरगंजमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण पुस २६ गते जिल्ला अस्पताल मलंगवामा भयो। घटनाका घटना पश्चात आरोपित फरार रहेकाले खोजतलास गरी अनुसन्धान कार्य अगाडि बढाइएको इलाका प्रहरी कार्यालय केशरगंजका इन्स्पेक्टर वीरेन्द्र गुरुङले बताए।

**रौतहट**

१७ वर्षीया बालिकालाई ०७७ पुस २८ गते राति बलात्कार गरेको आरोपमा गुजरा नपा–४ का १९ वर्षीय सुवास चौधरीविरुद्ध पीडितको आमाले पुस २९ गते इलाका प्रहरी कार्यालय विजयपुरमा उजुरी दिइन्। बालिकाको स्वास्थ्य परीक्षण पुस २९ गते जिल्ला अस्पताल गौरमा भयो। आरोपितलाई इलाका प्रहरी कार्यालय विजयपुरले पुस २८ गते मौखिक उजुरीको आधारमा गिरफ्तार गऱ्यो। प्रहरीले आरोपित विरुद्ध जिल्ला सरकारी वकिल कार्यालय रौतहतमा माघ २५ गते पेश गऱ्यो। जिल्ला अदालतको माघ २६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो ।

१५ वर्षीया बालिकालाई ०७७ माघ २ गते दिउँसो बलात्कार गरेको आरोपमा १७ वर्षीय बालक विरुपीडित बालिकाकी आमाले माघ ४ गते इलाका प्रहरी कार्यालय गरुडामा उजुरी दिइन्। बालिकाको स्वास्थ्य परीक्षण माघ ५ गते जिल्ला अस्पताल गौरमा भयो। प्रहरीले आरोपितलाई माघ ४ गते गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय रौतहटमा ०७७ माघ २२ गते पेश गरेकोमा जिल्ला अदालतको ०७७ माघ २५ गतेको आदेशले आरोपितलाई बाल सुधार गृह विरगञ्ज पठायो।

१५ वर्षीया बालिकालाई ०७७ फागुन ११ गते राती गुजरा नपा-२ थापाटोल स्थित मकै बारीमा बलात्कार गरेको आरोपमा गुजरा नपा–२ का १८ वर्षीय सुनिल कुश्वाहविरुद्धे पीडितकी आमाले फागुन १४ गते इलाका प्रहरी कार्यालय चन्द्रनिगाहापुरमा उजुरी दिइन्। बालिकाको स्वास्थ्य परीक्षण फागुन १४ गते चन्द्रनिगाहपुर अस्पतालमा भयो। घटना पश्चात् आरोपित हालसम्म फरार रहेकोले खोजि भइरहेको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका डिएसपी लिलाराज लामिछानेले जानकारी दिए।

१३ वर्षीया बालिकालाई यमुनामाई २०७७ चैत १० गते बलात्कार गरेको आरोपमा गाऊँपालिका–५ झुन्खुवाका २० वर्षीय जमसैद मियाँ र सोही ठाउँका १९ वर्षीय सदाम मियाँविरुद्ध ०७७ चैत १० गते पीडितकी आमाले चैत ११ गते जिल्ला प्रहरी कार्यालय गौरमा उजुरी दिइन। बालिकाको स्वास्थ्य परीक्षण चैत ११ गते जिल्ला अस्पताल गौरमा भयो। प्रहरीले आरोपित मध्ये जमसैद मियाँलाई चैत ११ गते घरबाटै गिरफ्तार गऱ्यो भने जमसैद मिया हालसम्म फरार रहेकोले खोजि कार्य तथा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय गौरका डिएसपी भरत श्रेष्ठले बताए।

**बारा**

१६ वर्षीया बालिकालाई २०७७ फागुन ५ गते बलात्कार गरेको आरोपमा महागढीमाइ- ७ का २१ वर्षीय इरसाद अंसारी, पर्सा जिल्ला बीरगञ्ज मनपा-१६ का ३० वर्षीया सभेया खातुन र बीरगञ्ज मनपा -१७ का २६ वर्षीय जहुर मियाँविरुद्ध पीडित परिवारले फागुन ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण फागुन ५ गते कलैया अस्पतालमा भयो। आरोपित हालसम्म फरार रहेको प्रहरीले जनायो।

नौ वर्षीया बालिकालाई ०७७ माघ १० गते यौन दुर्व्ययवहार गरेको आरोपमा बारागढी गाउँपालिका-३ का ५२ वर्षीय राम पण्डितविरुद्ध पीडित पक्षले माघ १० गते जिल्ला प्रहरी कार्यायमा उजुरी दिए। आरोपितलाई प्रहरीले माघ १० गते आफ्नै घरमा लुकेर बसेको आवस्थामा गिरफ्तार गऱ्यो। पीडित र आरोपितको स्वास्थ्य परीक्षण माघ १० गते कलैया अस्पलातमा माघ १० गते भयो। घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

१७ वर्षीया बालिकालाई २०७७ फागुन ८ गते यौन दुर्व्यवहार गरेको आरोपमा करैयामाई गाउँपालिका-५ का ३९ वर्षीय महेन्द्रप्रसाद सहनीविरुद्ध पीडित पक्षले फागुन ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले फागुन ८ गते गाउँबाट गिरफ्तार गऱ्यो। बालिका र आरोपित सहनीको स्वास्थ्य परीक्षण फागुन ८ गते कलैया अस्पतालमा फागुन ८ गते भयो। घटनाको अनुसन्धान भइरहेको इन्स्पेक्टर यादवले बताए।

१५ वर्षीया बालिकालाई ०७७ फागुन २९ गते यौनर्दुव्यवहार गरेको आरोपमा करैयामाई गाउँपालिका-८ का २२ वर्षीय पिंकुसाह कलबाविरुद्ध पीडित पक्षले फागुन २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण फागुन २९ गते कलैया अस्पतालमा भयो। घटनाका आरोपित फरार रहेकोले खोजि कार्य भइरहेको प्रहरीले जनाएको छ।

**पर्सा**

११ वर्षीया बालिकालाई २०७७ माघ ९ गते बलात्कार गरेको आरोपमा भारत बिहारको चम्पारण पलनवा ग्राम पञ्चायत लौकरीया-५ घर भई बीरगञ्ज महानगरपालिका-२ मा डोर गरी बस्ने ३६ वर्षीय नेहाल मियाँविरुद्ध बालिकाका बाबुले माघ ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई जिल्ला प्रहरी कार्यालय पर्साले माघ १० गते छपकैयाबाट गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण माघ १० गते बिरगञ्जको नारायणी अस्पतालमा भयो।

## महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

**सप्तरी**

२३ वर्षीया महिलालाई ०७७ फागुन २१ गते बलात्कार गरेको भन्दै छिन्नमस्ता गाउँपालिका-३ सखडाका २४ वर्षीय सानुकुमार चौधरीविरुद्ध पीडितले चैत ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। तिलाठी कोइलाडी गाउँपालिका-१ तिलाठी बेल्हीस्थित प्रभु बैंकको कार्यालयमा कार्यालयको समय पछि बोलाई कोठा थुनेर बलात्कार गरेको र टाउको फुटाई रक्ताम्य पारी कुटेको पीडितले बताइन्। पीडितका अनुसार कार्यालयको काम सकेर बोलाएपछि बैंक पुग्दा एक्लै रहेको मौका छोपी विभिन्न प्रलोभन र अश्लिल फिल्म र भिडिओ देखाई उत्तेजित भई आरोपितले बलात्कार गरेको र प्रतिवाद गर्दा कुटपिट गरी टाउको फुटाएको बताइन्। पीडितको उपचार चैत ६ गते राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा भयो। आरोपित प्रभु बैंक, तिलाठीमा कार्यरत छन्। पीडितको स्वास्थ्य परीक्षण चैत ६ गते राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा भयो। प्रहरीले आरोपितलाई चैत ६ गते गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयले ०७७ चैत ८ बलात्कारको उजुरी दर्ता गऱ्यो। आरोपितले भने विवाह गर्न अस्विकार गर्दा झुठा उजुरी दिएको बताए।

२६ वर्षीया महिलालाई ०७७ फागुन ९ गते बलात्कार प्रयास गरेको भन्दैसुरुङगा नपा-९ का २१ वर्षीय जालो भनिने मोहम्मद लालविरुद्धे पीडितले फागुन ९ गते इलाका प्रहरी कार्यालय कडरबोना, सप्तरीमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई फागुन १२ गते गिरफ्तार गरी सोही दिन उजुरी जिल्ला अदालतमा दर्ता गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ९ गते राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा भयो। प्रहरीले आरोपित विरुद्ध जिल्ला अदालतमा चैत २ गते अभियोग पत्र दायर गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रमेश पोखरेलको चैत ४ गतेको आदेशले आरोपितलाई १ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दिए।

**सिरहा**

२९ वर्षीया महिलालाई ०७७ फागुन १७ गते बलात्कार गरेको आरोपमा लहान नपा-१४ का ३२ वर्षीय राम भनिने रामउदगार महतोविरुद्ध पीडित परिवारले फागुन २७ गते इलाका प्रहरी कार्यालय लहानमा उजुरी दिए। आरोपितले महिलालाई फागुन १७ गते बलात्कार गरेको र गाउँमै घटना मिलापत्र गर्न खोज्दा उजुरीको लागि ढिला भएको पीडितले बताइन। पीडितको स्वास्थ्य परीक्षण फागुन २७ गते लहान स्थित रामकुमार उमाप्रसाद स्मारक अस्पतालमा भयो। इलाका प्रहरी कार्यालय लहानका डिएसपी डाक्टर तपन दाहालका अनुसार घटनाको जानकारी फागुन २६ गते नै आएकोले आरोपितलाई सोही दिन गिरफतार गरी कारवाही प्रकृया अगाडी बढाएको बताए।

१८ वर्षीया सुस्त मनिस्थिति भएकी महिलालाई ०७७ माघ २७ गते बलात्कार गरेको आरोपमा सोही ठाउँका ५० वर्षीय ससुरा सुखिपुर नपा-१० का बालकृष्ण महतोविरुद्ध पीडित परिवारले चैत १ गते इलाका प्रहरी कार्यालय महेशपुर पतारमा उजुरी दिए। पीडित महिलाको स्वास्थ्य परीक्षण चैत १ गते जिल्ला अस्पताल सिरहामा भयो। प्रहरीले आरोपितलाई चैत २ गते गिरफ्तार गरी कारवाही प्रकृया अगाडि बढाएको इलाका प्रहरी कार्यालय महेशपुर पतारका इन्सपेक्टर अरबिन्द साहले बताए।

२४ वर्षीया महिलालाई ०७७ फागुन १९ गते बलात्कार गरेको आरोपमा धनुषा जिल्ला धनुषाधाम नपा-६ का २३ वर्षीय बैजनाथ दासविरुद्ध पीडित

परिवारले फागुन २१ गते इलाका प्रहरी कार्यालय मिर्चैयामा उजुरी दिए। पीडितकोस्वास्थ्य परीक्षण फागुन २१ गते जिल्ला अस्पताल सिरहामा भयो। प्रहरीले आरोपितलाई फागुन २१ गते गिरफ्तार गर्‍यो।

२४ वर्षीया महिलालाई ०७७ माघ १० गते बलात्कार प्रयास गरेको आरोपमा नरहा गाउँपालिका-३ का २२ वर्षीय शेख हबिबविरुद्ध पीडित परिवारले माघ ११ गते इलाका प्रहरी कार्यालय मिर्चैयामा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ ११ गते जिल्ला अस्पताल सिरहामा भयो। प्रहरीले आरोपितलाई माघ १६ गते गिरफतार गर्‍यो। प्रहरीले आरोपितलाई फागुन २२ गते जिल्ला अदालतमा पेश गरेकोमा जिल्ला अदालतको फागुन २३ गतेको आदेशले आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

३० वर्षीया महिलालाई ०७७ माघ २२ गते बलात्कार प्रयास गरेको आरोपमा सिरहा नपा- १० का २३ वर्षीय रंजित कुमार साह, २० वर्षीय प्रमोद मुखिया र ३० वर्षीय रमन साहविरुद्धे पीडित परिवारले माघ २२ गते जिल्ला प्रहरी कार्यालय सिरहामा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण  माघ २२ गते जिल्ला अस्पताल सिरहामा भयो। प्रहरीले आरोपितहरू मध्ये रञ्चितलाई माघ २३ गते गिरफतार गरेको र अन्य आरोपित फरार रहेकोले खोज तलास भैरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी शालिग्राम शर्मा पौडेलले बताए। जिल्ला अदालतको फागुन २१ गतेको आदेशले आरोपित रंजितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२८ वर्षीया महिलालाई ०७७ फागुन ४ गते बलात्कार प्रयास गरेको आरोपमा लहान नपा-१० का ३५ वर्षीय तेजु पासवानविरुद्ध पीडित परिवारले फागुन ५ गते इलाका प्रहरी कार्यालय लहानमा उजुरी दिए। पीडित महिलाको स्वास्थ्य परीक्षण फागुन ५ गते लहान स्थित रामकुमार उमाप्रसाद अस्पतालमा भयो। आरोपित फरार रहेकोले खोज तलास भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी शालिग्राम शर्मा पौडेलले बताए।

१९ वर्षीया महिलालाई ०७७ चैत १६ गते बलात्कार प्रयास गरेको आरोपमा लहान नपा-२१ का २५ वर्षीय कमलेश साहविरुद्ध पीडित परिवारले चैत २० गते इलाका प्रहरी कार्यालय लहानमा उजुरी दिए। गाउँमै घटना मिलाउन खोज्दा घटना नमिले पछि इलाका प्रहरी कार्यालय लहानमा चैत २० गते उजुरी दिएको पीडितकी आमाले बताइन्। पीडितको स्वास्थ्य परीक्षण चैत २० गते रामकुमार उमाप्रसाद अस्पताल लहानमा भयो। आरोपित फरार रहेकाले खोजी कार्य भइरहेको इलाका प्रहरी कार्यालय लहानका डिएसपी डाक्टर तपनकुमार दाहालले बताए।

**धनुषा**

२० वर्षीया महिलालाई २०७७ पुस १७ गते राति घरमा आमाबुबा नभएको मौका छोपेर घरभित्र प्रवेश गरि बलात्कार गरेको भन्दै धनौजी गाउँपालिका-३ बस्ने २७ वर्षीय बब्लु पासमानविरुद्धपीडितले पुस १७ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिइन। पीडितको स्वास्थ्य परीक्षण पुस १७ गते प्रादेशिक अस्पताल जनकपुरमा भयो। आरोपित पासमानलाई प्रहरीले पुस १७ गते गिरफ्तार गर्‍यो। प्रहरीले आरोपित विरुद्ध जिल्ला अदालतमा पुस १७ गते जबरजस्ती करणी मुद्दा दर्ता गर्‍यो । जिल्ला अदालतको माघ १९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

३६ वर्षीया महिलालाई २०७७ पुस २६ गते बलात्कार गरेको भन्दै जनकपुरधाम उपमहानगरपालिका-४ बस्ने २६ वर्षीय कृष्णा साहविरुद्ध पीडितले माघ २९ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिइन्। महिलाको स्वास्थ्य परीक्षण माघ २९ गते प्रादेशिक अस्पताल जनकपुरमा भयो। प्रहरीले आरोपितलाई माघ २९ गते गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय धनुषाका डिएसपी मकेन्द्रकुमार मिश्रले बताए। प्रहरीले आरोपित विरुद्ध जिल्ला अदालतमा माघ २९ गते जबरजस्ती करणी मुद्दा दर्ता गर्‍यो । जिल्ला अदालतको फागुन २८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२३ वर्षीया महिलालाई २०७७ फागुन १५ गतेदेखि विवाहको प्रलोभन देखाउँदै आफुलाई प्रभावित गरि पटक पटक साथीहरूको कोठमा लगेर बलात्कार गर्दै आएको भन्दै जनकपुरधाम उपमहागरपालिका-४ बस्ने २२ वर्षीय बब्लु शर्माविरुद्ध पीडितले चैत ४ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण चैत ४ गते प्रादेशिक अस्पताल जनकपुरमा भयो। आरोपित हाल फरार रहेकाले खोजि कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाका डिएसपी मकेन्द्रकुमार मिश्रले बताए।

२२ वर्षीया महिलालाई २०७७ फागुन १७ गतेदेखि विवाह गर्ने प्रलोभन देखाएर बलात्कार गर्दै आएको भन्दै जनकपुरधाम उपमहागरपालिका-७ बस्ने २३ वर्षीय सुमन साहविरुद्ध पीडितले

चैत ७ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण चैत ७ गते प्रादेशिक अस्पताल जनकपुरमा भयो। आरोपित फरार रहेकाले उनको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाका डिएसपी मकेन्द्रकुमार मिश्रले बताए।

**रौतहट**

२३ वर्षीया महिलालाई २०७७ पुस २१ गते राति बलात्कार गरेको भन्दै गुजरा नपा–६ का २२ वर्षीय मन्तोष राय यादव र सोही ठाउँका २२ वर्षीय रामबालक राय यादव विरुद्ध पीडितले माघ ९ गते इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा उजुरी दिइन्। आरोपितहरू फरार रहेकोले खोजि कार्य भइरहेको प्रहरीले जनायो। पीडित महिलाको स्वास्थ्य परीक्षण माघ ८ गते सरकारी अस्पताल चन्द्रनिगाहपुरमा भयो।

५२ वर्षीया महिलालाई २०७७ पुस २४ गते राति बलात्कार प्रयास गरेको आरोपमा गढीमाई नपा–९ इनर्वाका ४० वर्षीय रामदयाल हजरा दुसादविरुद्धे पीडितले पुस २७ गते इलाका प्रहरी कार्यालय गरुडामा उजुरी दिइन्। आरोपितलाई इलाका प्रहरी कार्यालय गरुडाले माघ २० गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितलार्य जिल्ला सरकारी वकिल कार्यालय रौतहतमा माघ २२ गते पेश गरेकोमा जिल्ला अदालतको माघ २५ गतेको आदेशले आरोपितहरूलाई पुर्पक्षको लागि थुनामा पठायो।

**बारा**

२२ वर्षीया युवतीलाई ०७७ माघ ३० गते बलात्कार गरेको आरोपमा आदर्शकोटवाल गाउँपालिका-४ का २४ वर्षीय हजरत मंसुरीविरुद्ध पीडत पक्षले माघ ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले माघ ३० गते घरमा लुकेर बसेको अवस्थामा गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ ३० गते कलैया अस्पतालमा भयो। घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनायो।

३५ वर्षीया महिलालाई ०७७ फागुन ५ गते बलात्कार गरेको आरोपमा कलैया उपमहानगरपालिका-१५ का ४५ वर्षीय अनवर अंसारीविरुद्ध पीडितले फागुन ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई फागुन ५ गते गाँउबाट गिरफ्तार गऱ्यो। घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनायो।

**पर्सा**

३० वर्षीया महिलालाई ०७७ फागुन १ गते बलात्कार गरेको आरोपमा पतिविरुद्ध पीडित महिलाले फागुन ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण फागुन ९ गते कलैया अस्पतालमा भयो। कलैया अस्पताले यौनजन्य अपराध सम्बन्धी शारीरिक परीक्षण प्रतिवेदन जिल्ला प्रहरी कार्यालयलाई फागुन १८ गते बुझायो। बीरगंज महानगरपालिकाबाट जिल्ला प्रहरी कार्यालयको प्रहरीले फागुन १० गते आरोपितलाई गिरफ्तार गऱ्यो। जिल्ला प्रहरी कार्यालयले चैत २ गते जिल्ला सरकारी वकील कार्यालयमा अनुसन्धान प्रतिवेन पेश गऱ्यो। प्रहरीले आरोपित विरुद्ध चैत ३ गते जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा अभियोग पत्र दर्ता गरायो।

## परिवारजनबाट हत्या

**सिरहा**

बिष्णुपुर गाउँपालिका-५ की ३२ वर्षीया विभा देवी यादवलाई ०७७ माघ ४ गते उनका पति ३५ वर्षीय बिनोदकुमार यादवले घाँटी थिचि हत्या गरेको आरोपमा पीडित परिवारले माघ ५ गते जिल्ला प्रहरी कार्यालय सिरहामा उजुरी दिए। मृतक विभालाई उनका पतिले घरायसी विवादमा पटक पटक कुटपिट गर्ने गरेको र सो दिन पनि घाटी थिचि हत्या गरी आत्महत्या देखाउन रुखमा झुण्डाएको मृतकका भाईले बताए। शवको पोष्टमार्टम जिल्ला अस्पताल सिरहामा माघ ५ गते भयो। प्रहरीले आरोपितलाई माघ ५ गते गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी शालिग्राम शर्माले बताए। प्रहरीले आरोपित विरुद्ध जिल्ला अदालतमा कर्तव्य ज्यान सम्बन्धी कसुरमा माघ ५ गते मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतको माघ २९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**धनुषा**

कमला नपा-२ माचि झिटकैया बस्ने ४० वर्षीया शर्मिला देवीको फागुन ४ गते घाँटी थिचेर हत्या गरेको आरोपमा प्रहरीले उनको पति ४५ वर्षीय

खुशीलाल गडेरीलाई फागुन ७ गते गिरफ्तार गऱ्यो। घर भन्दा १ किलोमिटर पर कमला नपा-२ स्थित खेतमा उनको लास फेला परेको थियो। बबको फागुन ४ गते प्रादेशिक अस्पताल जनकपुरमा पोस्टमार्टम भयो। गडेरीको जेठी पत्नी शर्मिलाको स्थानिय युवा सुनिल महतोसँग प्रेम सम्बन्ध रहेको बारेमा थाहा पाएर रिसाएका आरोपित खुशीलालले पत्नीको घाँटी थिचेर हत्या गरेको इलाका प्रहरी कार्यालय खजुरीका प्रहरी इन्स्पेक्टर हिरेन्द्र रोकायाले बताए। जिल्ला अदालतको फागनु २८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो

### "बोक्सी"को आरोप

**सिरहा**

मिर्चैया नपा-९ का ५९ वर्षीया वासु चौधरीलाई ०७७ पुस २४ गते सोही ठाउँका ४५ वर्षीय जतन चौधरी, ४० वर्षीया हरिहर चौधरी, २८ वर्षीय अजित चौधरी, ३५ वर्षीय किसुन चौधरी र ४५ वर्षीया इन्दुला चौधरीले  बोक्सी भन्दै कुटपिट गरेको भन्दै पीडितले पुस २५ गते इलाका प्रहरी कार्यालय मिर्चैयामो उजुरी दिइन्। गाउँका कोही बिरामी हुँदा मृत्यु हुँदा बोक्सीको आरोप लगाई कुटपिट तथा गालिगलौज गर्ने गरेको र स्थानीय विसुनदेव चौधरीको हृदयघातले मृत्यु भएपछि तैलेनै बोक्सी लगाएर मारेको भन्दै कुटपिट गरी गाउँ निकाला गरेको पीडितले बताइन्। प्रहरीले आरोपितहरू मध्ये जतन चौधरीलाई पुस २७ गते गिरफ्तार गरेको इलाका प्रहरी कार्यालय मिर्चैयाका डिएसपी सन्तुलाल प्रसाद जैसवारले बताए। अन्य आरोपितहरू फरार रहेकोले खोज तलास भइरहेको बताए। जिल्ला अदालतको माघ २५ गतेको आदेशले आरोपित जतनलाई ३० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

### सबै प्रकारका जातीय विभेद

**सर्लाही**

कबिलासी नपा-७ का २२ वर्षीय महेश पासवनलाई जातीय विभेद गरेको आरोपमा कबिलासी नपा-८ का ३६ वर्षीय रामपृत ठाकुरविरुद्ध पीडितले पुस २७ गते इलाका प्रहरी कार्यलय हरिपुरमा उजुरी दिइन। ठाकुरले जातीय विभेद र अपमान गरी धम्की दिएको भन्दै न्यायको लागि इलाका प्रहरी कार्यालय हरिपुरमा पुस २० गते दिएको उजुरी प्रहरीले पुस २७ गते मात्रै दर्ता गरेको पीडित पासवानले बताए। कबिलासी नपा-८ का ३६ वर्षीय सुजितकुमार ठाकुरको घरमा पुस १६ गते आयोजना गरिएको छठियारको भोजमा निम्तो पाएर भोज खान पुगेका पासवानलाई आरोपितले जातीय विभेद तथा छुवाछूतजन्य व्यवहार गरेको पीडितको आरोप छ। जिल्लाका दलित अधिकारकर्मीहरूको पहलमा लिखित उजुरी दर्ता गरिएको नेपाल राष्ट्रिय दलित सामाज कल्याण संघ सर्लाहीका संयोजक राजेश पासवानले बताए। कुटपिट नगरिएको र आफूसँग अलि टाढा भएर बसिदिनु पऱ्यो भनेको मात्र हो, अरु केही नभनेको तथा धम्की नदिएको आरोपित ठाकुरको भनाइ छ। पीडितले उजुरी दिए पश्चात घटनाको अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय हरिपुरका इन्स्पेक्टर विक्रम साहले जानकारी दिए।


मानव अधिकार र सामाजिक न्यायका निम्ति

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

**प्रदेश २ द्वारा प्रकाशित**

**संयोजन/सम्पादन** : राजु पासवान

जनकपुरधाम उपमहानगरपालिका-४, पिडरियामाइस्थान, धनुषा

इमेल : Janakpur@insec.org.np, Website : www.inseconline.org